11-034
36-008

द्वैमासिक बुलेटिन

# भूमि अधिकार

बर्ष २, पूर्णाङ्क ८ मे, २००५



## क्षेत्रीय तथा राष्ट्रियस्तरका अभियान गर्ने निर्णय

'हरुवा, चरुवा, हली, कमैया, मोही, सुकुम्वासी संगठित होउँ, आफ्नो हक पाउनको लागि आफ्नै अभियान सशक्त तुल्याउँ' भन्ने मूल उद्घोषका साथ गठित राष्ट्रिय भूमि अधिकार मञ्च (भूमि अधिकारबाट वञ्चितहरुको संगठन) र भूमिको न्यायिक पुनर्वितरण, व्यवस्थापन, उत्पादन वृद्धि तथा सामाजिक समुन्नतीको अभियानमा जुटेका सामाजिक संस्था, अभियानकर्ता एवं भूमिसुधारको क्षेत्रसँग सरोकार राख्ने विभिन्न निकायहरुको साझा समूह राष्ट्रिय भूमिअधिकार सरोकार समूहको संयुक्त बैठक दाङको लमहीमा वैशाख ९ र १०, २०६२ मा सम्पन्न भयो। बैठकले सांगठानिक सुदृढिकरण र राष्ट्रिय भूमि अधिकार अभियानको १२ बुँदे निर्णय जारी गरेको छ। (विस्तृत पृष्ठ ८ मा हेर्नुहोस् ।) बैठकले सरकारबाट ल्याइएको भूमि बैंकको अवधारणा जमिनदारलाई पोस्ने र भूमिहीनहरुलाई ऋणको भारी बोकाउने नियतबाट आएकाले यसलाई लागू नगर्न माग गरेको छ।

## यस अंकमा

चुरे क्षेत्रको समस्या र "विकल्प" कार्यक्रम ........ २
अभियान क्रियाकलाप ........ ४
जिल्लागत अभियान क्रियाकलाप ........ ७
अभियानकर्मीको डायरी ........ ११

RRC
008

हाम्रो आवाज

## के भूमि बैंक आवश्यक छ ?

सरकारद्धारा जारी २१ बुँदे कार्यक्रममा भूमि बैंकको अवधारणा समेत अगाडि सारिएको छ । दुइवर्ष अगाडि सूर्यबहादुर थापा सरकारले पनि यस्तै अवधारणा अगाडि सारेको थियो । तर न त तत्कालीन थापा सरकारले यो अवधारणा के हो र यसले कसरी भूमिहीनहरूलाई भूमि सम्पन्न बनाउँछ भन्न सकेको थियो न त वर्तमान सरकारले नै यो कुरा स्पष्ट गर्न सकेको छ ।

सरकारको प्राथमिकता हेर्दा लाग्छ उसले समग्र भूमिसुधार कार्यक्रमको विकल्पका रूपमा भूमिबैंकको अबधारणा अगाडि सारेको छ । त्यसो हो भने आम भूमिहीन, सुकुम्बासी, मोही, हलिया र भूमिका विभिन्न समस्याबाट पीडितहरूका लागि यो घातक कार्यक्रम हुनसक्छ । किनभने भूमिबैंक जमिनदारसँग जमिन किनि भूमिहीनहरूलाई उक्त जमिन बेच्ने योजना हो, जसले जमिन्दारलाई उसले भूमिमा आश्रीत तर भूमिहीनहरू माथि आजसम्म गर्दैआएको शोषणबाट सहज उन्मुक्ति मात्र दिदैंन, पुरस्कार (नबिकेको वा भूमिहीनहरूले पुस्तौंदेखि प्रयोजन गर्दैआएको जमिन, जसलाई बेचेर आर्थिक लाभ गर्न सक्छु भन्ने जमिन्दारले सोचेकै थिएन) समेत दिन्छ ।

सरकारले भूमिहीनहरूले भूमि पाउँनुपर्छ भन्ने कुरामा चिन्ता गर्थ्यो भने उसले जमिन्दारबाट जमिन किनेर भूमिहीनहरूलाई उक्त जमिन बेच्ने योजना होइन जनमुखी भूमिसुधारका केही आधारभूत कामको योजना बनाउनुपर्थ्यो । मोहीलाई जग्गा बाँडफाँड गरिदिने, नयाँ सर्जिमिनका आधारमा मोही कायम गर्ने (हलियाको समेत) र लाखौं सुकुम्बासीहरूमार्फत बाँझो जग्गा उपयोग गर्ने जस्ता भूमिसुधारका कम खर्चिला र प्रारम्भिक कदमहरू जनमुखी भूमिसुधारका आधारभूत काम हुनसक्थे । तर सरकारले भूमिसुधारको पहिलो सार्थक प्रयास सावित हुने र कम खर्चिलो यो प्रक्रियालाई बेवास्ता गरेर किन भूमि बैंक जस्तो एकदमै खर्चिलो प्रक्रिया अपनाउन खोज्यो ? बुझ्नसक्नु भएको छ ।

नेपालको भूमि समस्याको जटिलता हेर्दा यो योजनाले जमिन्दारको मात्र हीत रक्षा गर्ने कुरा निश्चित जस्तै छ । अझ द्वन्द्वको यो चरणमा, जतिबेला गाउँ-गाउँबाट जमिन्दारहरू लखेटिएर शहर बजारमा एकत्रीत भएका छन्, उनीहरूलाई बोझ बनिरहेको उक्त जमिनबाट रकम दिएर उन्मुक्ति दिने प्रयत्नका रूपमा यसलाई बुझ्नुपर्छ । यसैले भूमि बैंक योजनालाई जनमुखी भूमिसुधार कार्यक्रमको विकल्पको रूपमा प्रस्तुत गर्ने प्रयासको बिरोध गर्दै आम भूमिहीनहरूले भूमिबैंकको भ्रममा नपरी आफ्नो अभियानलाई अगाडि बढाउनु आवश्यक छ ।



# चुरे क्षेत्रको समस्या र 'विकल्प' कार्यक्रम

सृजनात्मक पहल

● देवेन्द्र अधिकारी

## भू- स्वामित्व नपाएको अवस्था

'तिमीहरु ऐलानी जग्गामा बस्ने मानिसहरु पनि ऐलानी नै हौ' महोत्तरीस्थित तत्कालीन माइस्थान गाउँ पञ्चायतका प्रधानपञ्चले यसो भने । दर्ता नभएको जग्गामा बसेका एक व्यक्तिले वडा सदस्यमा प्रत्याशीं बन्न खोज्दा दिइएको जवाफ हो यो । माइस्थान गाउँ पञ्चायतबाट गाउँ विकास समिति भईसक्यो तर समस्या उस्तै छ । आजपनि भूमिमा जोत्नेको स्वामित्व छैन । ऐलानी जग्गामा बस्नेहरु भन्छन्-'कसैले तपाईको जग्गा ऐलानी हो की नम्बरी हो भनेर सोध्दछ तब हाम्रो शीर झुक्छ ।' माइस्थान गाविसको एक तथ्याकंका अनुसार सिंचित कृषि क्षेत्रको २५ प्रतिशत र असिंचित कृषिक्षेत्रको ५० प्रतिशत जग्गामा किसानहरुले स्वामित्व पाउन सकेका छैनन् । यसरी हेर्दा ९६५ हेक्टरमध्ये ४ सयहेक्टर जमिनको स्वामित्व किसानले पाउन नसकेको देखिन्छ । त्यस्तै महोत्तरी जिल्लाका चुरे तथा भावर क्षेत्रका बर्दिबास, गौरीबास, माइस्थान र खयरमाराका २७ वडामा महिला सहयोगात्मक समाज, नेपालले गरेको सर्वेक्षणअनुसार खेती गर्दैआएको ४० प्रतिशत (१६९० विगाहा) जग्गामा किसानको स्वामित्व छैन । त्यस क्षेत्रमा २०२३/२४ सालमा जग्गा नापी भएको हो । जग्गा नापीको समयमा विविध कारणले सोझा किसानहरुले आफ्नै जग्गा पनि दर्ता गराएनन् । टाठाबाठाहरुले भने अरुको जमीन समेत आफ्नो नाममा दर्ता गर्न भ्याए ।

## प्रकोपको चुनौती

त्यस्तै चुरे पहाड साह्रै कमलो छ । सानातिना कारणहरुले पनि भत्किहाल्छ । वर्षामा तराईमा कटान र डुबान जस्ता समस्या देखिनुमा चुरेक्षेत्र बढी जिम्मेवार छ । तारजाली लगाएर यसबाट जोगिन संभव छैन । चुरेक्षेत्रको संरक्षणले मात्र वर्षातमा तराईमा बाढीले पार्ने नोक्सानीलाई कम गर्न सकिन्छ तर समस्या दिन प्रतिदिन बढ्दै छ । चुरेक्षेत्रमा बसोबास गर्नेहरुलाई जग्गाको स्वामित्व हात लागे पनि यही क्रममा बिनासको गती चल्ने हो भने केही समयपछि जग्गा नै रहने छैन । त्यसबेला साथमा रहेको लालपूर्जाको केही काम छैन ।

## संरक्षण कसरी गर्ने ?

**चुरे क्षेत्र**को संरक्षण वा विनासमा जीविका चलाउनका लागि गरिने हरेक क्रियाकलापले सहयोग पुऱ्याइरहेको छ । चुरे क्षेत्रको संरक्षणमा त्यहाँ बस्ने मानिसहरुको ठूलो हात रहन्छ । अधिकांश मानिसहरुको जीविका कृषि र जंगलमा आधारित छ । संरक्षणमुखी उत्पादन बृद्धि तथा आयआर्जनका कामले संरक्षण र जीविका दुबै काम एकैपटक सम्भव हुन्छ । तर आफ्नो स्वामित्वमा नभएको बस्तुको खासै माया हुदैन । त्यसैले जग्गाको स्याहार सुसारको जांगर आफ्नो स्वामित्व नभए पछि कमै देखिन्छ ।

साना मसिना प्रयासले माथि भनिएका दुबै अवस्थामा सुधार ल्याउन सम्भब देखिदैन । समस्याको प्रकृति जटिल छ । व्यापक जनसहभागिता सहितको अभियान संचालनबाट मात्र समस्यालाई जित्न सकिन्छ । चुनाबको बेलामा पार्टीहरुले जसरी जनता परिचालन गर्दछन संरक्षण र जिविकाका लागि पनि त्यसैगरी अभियान चलाउनु पर्ने आवश्यकता छ । सानो तिनो कार्यक्रमलाई समस्या तथा परिस्थितिले टेर्नेवाला छैन ।

## विकल्प कार्यक्रमको शुरुवात

माथिको सबै कुराहरु ख्याल गरी सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले स्थानीय संस्थाहरुसँग मिलेर गत पुस महिनादेखि **'विकल्प'** कार्यक्रमको शुरुवात गऱ्यो । कार्यक्रमले महोत्तरी र सर्लाही जिल्लाका चुरे तथा भावर क्षेत्रका गरी १६ गाविसलाई समेटेको छ। समस्या ठूलो छ, सबै ठाउंमा एकै चोटी काम शुरु गर्न सकिदैन । **'विकल्प'** कार्यक्रम चुरेक्षेत्रको संरक्षणका लागि भू-स्वामित्व र जीविकाका विषयमा रहेको सम्बन्धलाई बुझ्दै उपयुक्त विकल्पको खोजी गर्ने काममा केन्द्रित छ। काम मुलतः अध्ययनसँग सम्बन्धित रहेकोले अध्ययनमा कसरी राष्ट्रिय तहदेखि समुदायसम्मलाई सहभागी गराउन सकिन्छ भनेर अभ्यास गरिदैछ। अध्ययनले निकालेको निश्कर्ष कागजमा थन्किने र समुदायका समस्या समुदायमै थन्किने गरेको कुरा नौलो होइन। यस अवस्थालाई विचार गरी अध्ययन, अनुसन्धानको काम गर्दै, सिक्दै कामबाटै सिकेका कुराहरुको आधारमा निश्कर्ष निकाल्दा बढी यथार्थको नजिक पुग्न सकिन्छ।

बिकल्पले आफ्नो काम १६ गाविसका ५२ वटा टोलबाट शुरु गरेको छ। अध्ययनको कामलाई अघि बढाउन नै समुदायबाट ५२ वटा टोलको छनौट गरिएको हो। सानो क्षेत्रमा मसिनो गरी काम गरेर परिवेश विश्लेषण गरेपछि मात्र समस्या पहिचान हुनसक्छ समाधानको बाटोमा लाग्ने आधार तयार हुन्छ। धेरै ठूलो क्षेत्रमा काम गर्दैमा अभियानको शुरुवात भईहाल्छ भन्ने होईन। अभियानको लागि सवालहरुमा गहिरो बुझाई र अनुभवको त्यत्तिकै खाँचो छ, जसका आधारमा क्षेत्र बढाउन सकिन्छ। आफ्नो अवस्थाको बारेमा विश्लेषण गर्नसक्ने भएपछि नै समुदायले गर्नुपर्ने कामको पहिचान गर्नसक्छ। समुदायको परिस्थितिलाई बाहिरको व्यक्तिले पनि विश्लेषण गर्न सक्दछ तर यो आधिकारिक हुँदैन। कसैको विचारको प्रतिनिधित्व अरु कसैले गर्न सक्दैन, उ आफैले मात्र गर्न सक्छ। समुदायले भोगेका भोगाई र देखेका अवसरहरुलाई उनीहरुबाटै छलफल गरी निकाल्ने वातावरणको सृजना यस्ता नियमित छलफलहरुले गर्नेछ।

## हाम्रो आशाः

सहजकर्ताले बेला बेलामा पाउने तालिम र छलफलमा भाग लिने क्रमले उनीहरु आफैमा चिन्तन मनन गर्ने बानी बढ्छ। नियमित छलफल चलाइरहनुपर्ने हुँदा नयाँ अवसरको खोजी गर्ने तथा समस्याको विश्लेषण गर्ने सिप बढ्न गई नेतृत्व गर्ने शैली समेतको विकास हुन्छ।

एक वर्षको अवधीमा सहजकर्ताहरुले सामाजिक नेतृत्व लिन थाल्नेछन्। उनीहरुले दिने नेतृत्व परम्परावादी नेतृत्वको सोच तथा शैली भन्दा भिन्न हुनेछ। यस प्रक्रियाले समुदायका धेरै मानिसलाई समेट्ने छ, जसले धेरै मानिसहरुको विचार एकीकृत गर्न मद्दत मिल्नेछ। भिन्न केन्द्रबाट विभिन्न किसिमका सृजनात्मक अवसरहरुको खोजी र त्यसमा काम समेत भएको हुनेछ। यी कामहरुबाट समुदाय, गैसस तथा सरकारी निकायहरुलाई समेत सिक्ने अवसर मिल्नेछ। यी केन्द्रहरुबाट थालिएका कामले वरपरको समुदायलाई समेत प्रभाव पार्नेछ। यो सबै प्रक्रियाबाट आएको सिकाई चुरे क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म बसोबास गर्नेहरुलाई समेत कामलाग्दो हुनसक्छ। त्यसैले सानो क्षेत्रको आधिकारिक सिकाई अर्थपूर्ण र पछि ठूलो क्षेत्रलाई ओगट्ने खालको हुनसक्छ। चुरे संरक्षणको अभियानको थालनी यिनै ५२ समूहबाट शुरु भएको छ। अनुभव सिकाईको आधारमा यसलाई तिब्र बनाउँदै लैजान सकिन्छ।

## सानो धमीराले पनि बलियो ढिस्को बनाउन सक्छ भने मान्छे कस्सिदां के नहोला तर...

*स्थानिय रुपमा चल्ने छलफल अथवा कुराकानीलाई नियालेर हेरौं, हाम्रा कमै मात्र छलफलहरू स्थानिय समस्यासँग केन्द्रित भएको देख्छौं । बरू त्यही गाउँको मान्छे काठमाडौं वा कतै गएको रहेछ भने त्यस ठाउँको बारेमा पुरापुर भन्छ । कुन ठाउँमा के छ, समस्या कस्ता कस्ता छन् आदि विषयमा वर्णन गर्दछ । जस्तोः गाउंबाट काठमाडौं गएको मान्छेले काठमाडौंको फोहोरको कुरा गर्दछ, आफ्नो गाउँको फोहोरको कुरै गर्दैन । गाउँघरको समस्या वा अवसरसँग सम्बन्धित कुरा भइहाले पनि त्यसको समाधानका लागि के गर्नुपर्छ भनि टुङ्गोमा पुऱ्याईदैन । गाउँका मानिसहरूले सामुहिक रूपमा छलफलबाट निश्कर्षमा पुगी आफ्ना समस्या र अवसरहरूमा काम शुरू गरेको कमै पाइन्छ । धेरै समस्याहरूलाई हल गर्न विकास पर्खेर बस्ने गर्दछौं हामी । तर अर्कोतिर गाउँका एकदुई टाठाबाठाहरू भने गाउँका समस्यालाई लिएर अरूसँग सल्लाह नै नगरी गाविस, जिविस वा अन्य श्रोतवाला निकायमा भने कुदिरहेको देखेका छौ हामी सबैले । विकास आफ्ना किसिमले हुन्छ जुन समुदायका समस्याहरूको बिश्लेषण र अवसरको खोजीसँग कुनै सम्बन्ध राख्दैन । समुदायको तर्फबाट आफैले निश्कर्ष निकाल्ने र कार्यान्वयनमा मात्र समुदायको सहभागीता खोज्ने कुराको विपक्षमा बिकल्पले स्थानिय रुपमा मसीनो गरी छलफलको शुरुवात गरेको छ ।*

*जस अन्तर्गत स्थानीय समूह सदस्यबाटै एक एकजना व्यक्ति छान्न लगाइयो । छानिएका व्यक्तिहरूको मुख्य काम आफ्नो टोलमा छलफल संचालन गर्नु हो । छलफलको सहजीकरण गर्नका लागि छानिएका व्यक्तिहरूमा छलफल चलाउने सिपका साथै परिवर्तन, विकास, सहभागिता जस्ता आधारभूत धारणाहरूमा प्रष्ट हुने गरी तालिमहरू संचालन गरिएको छ । तालिम बिभिन्न चरणहरूमा संचालन गरिन्छ । यसका साथै बेलाबेलामा प्राविधिक सिप (जस्तोः अम्रिसो, बाँस रोप्ने) पनि आवश्यकता अनुसार उपलब्ध गराउँदै जाने सोचिएको छ । यस्ता प्राविधिक सिप समुदायले गरेको छलफलको आधारमा आवश्यक देखिएमा मात्र दिइन्छ । तालिम प्राप्त यी सहजकर्ताहरूले आफ्नो टोलमा हप्तामा एकपटक दिनको २, ३ घण्टा छलफल संचालन गर्ने गर्दछन् । छलफल चुरे संरक्षण, भूमि अधिकार, आयआर्जनको सम्भावनाहरूको खोजी आदि विषयमा हुने गरेको छ । छलफल आफ्नै गाउँका समस्या तथा अवसरहरूको बारेमा हुन्छ । लामो छलफल पछि निश्कर्ष निकाल्दै अब गर्नुपर्ने कामको योजना बनाइ कार्यान्वयन गरिन्छ । एउटा विषयमा छलफल गरी कार्ययोजना बनिसकेपछि मात्र अर्को विषयमाथि छलफल गरिन्छ । सामुहिक रूपमा परिस्थिति विश्लेषण गर्ने, कारण तथा प्रभाव केलाउने र कार्यान्वयन गर्ने प्रक्रिया नियमित रूपमा गरिन्छ ।*

# अभियान क्रियाकलाप

## लाहान र नेपालगंजमा योजना तर्जुमा कार्यशाला

सन् २००४ को अभियानको समीक्षा गर्न तथा सन् २००५ को अभियानबारे छलफल गरी कार्ययोजना निर्माण गर्नका लागि



पुर्वाञ्चलको लाहान र मध्यपश्चिमको नेपालगञ्जमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आयोजनामा छुट्टाछुट्टै कार्यशाला सम्पन्न भएको छ । कार्यशाला लाहानमा २००५, जनवरी २६ र २७ तारिख तथा नेपालगञ्जमा फेब्रुअरी १ र २ तारिख भएको थियो । लाहानको कार्यशालामा अभियान नेपाल सुनसरी,



भूमि अधिकार मञ्च सिरहा, जनचेतना दलित संगम सप्तरी, ग्रामीण विकास समाज सिन्धुपाल्चोक, सामुदायिक वातावरण तथा संरक्षण मंच सिन्धुपाल्चोक, किसान अधिकारको लागि सहयोगी समूह सिन्धुपाल्चोक र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका सदस्यहरुको सहभागिता रहेको थियो ।

त्यस्तै नेपालगञ्जमा सम्पन्न कार्यशालामा जिल्ला दलित नेटवर्क बैतडी, जिल्ला दलित नेटवर्क डडेल्धुरा, मित नेपाल बर्दिया, सामाजिक विकास तथा अनुसन्धान केन्द्र बाँके, उत्पीडित समुदाय जागरण मंच नेपाल बाँके, दियालो परिवार बाँके, ग्रामीण महिला उत्थान केन्द्र दाङ र समाज कल्याण कार्यक्रम नेपाल, दाङको सहभागिता थियो ।

कार्यक्रममा २००४ का उपलब्धीहरु, गुमाइएका अवसरहरु, आएका चुनौती तथा सिकाईको समीक्षा गरिएको थियो भने २००५ मा गरिने कार्यक्रमको योजना बारे छलफल र प्रस्तुती भएको थियो । अघिल्लो वर्षको सिकाईको आधारमा सन् २००५ को कार्यक्रम क्रियाकलापमुखी नभई अभियानमुखी हुनुपर्ने कुरामा जोड दिइएको थियो । समुदाय तहदेखि नै संगठन निर्माण गर्ने, सदस्यहरुमा व्यापक सचेतीकरण तथा अभियानका लागि सवलीकरण गर्ने, व्यापक जनपरिचालनमा जोड, मुद्दाहरुमा सरकार तथा पार्टीहरुसँग सहकार्य, पीडितहरुबाटै अभियानकर्मी विकास र परिचालन, परिवेश विश्लेषण र सहभागीमूलक अनुगमन तथा मूल्यांकन, सामाजिक लेखापरिक्षण र सहभागीमूलक चिन्तनमनन् प्रक्रिया आदि विषयमा छलफल तथा अभ्यास भएको थियो । साथै त्यस अवसरका दुबै ठाउँमा संस्थाहरुबीच एकरुपता र मितव्ययिता अपनाउने उद्देश्यले आर्थिक आचारसंहिता तयार गरी लागू गर्ने निर्णय भएको छ ।

## मुक्त कमैयाको समस्या र भूमि अधिकार विषयक छलफल कार्यक्रम

कमात्सु दिगो विकास समाज, बर्दियाको आयोजनामा जनवरी १२ र १३, २००५ मा मुक्त कमैयाको समस्या र भूमि अधिकार विषयक छलफल सम्पन्न भयो । गोष्ठीको सहजीकरणमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका जगत बस्नेतले सहयोग गर्नु भएको थियो । कार्यक्रममा मुक्त कमैयाका समस्या र उनीहरुलाई भूमि उपलब्ध गराउन सकिने स्थितिका बारेमा विकल्पका विषयमा छलफल गरी अडानहरु तय गरिएको थियो ।

## आठौं साधारण सभा सम्पन्न

जनवरी २०, २००५ मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको एघारौं साधारण सभा काठमाडौंमा सम्पन्न भयो । साधारण सभामा संस्थाका साधारण सदस्य, सल्लाहकार एवं आमन्त्रित अथितीहरुको सहभागिता थियो । दुई सत्रमा सम्पन्न



सभाको पहिलो सत्रमा संस्थागत विकासबारे छलफल, आर्थिक वर्ष ०६०/०६१ को प्रगती र आर्थिक प्रतिवेदन प्रस्तुती र त्यसमा छलफल भएको थियो । दोश्रो सत्रमा नयाँ कार्यकारिणी समितिको चयन गरिएको थियो ।

सभामा संस्थाको आगामी रणनीति, विधान संसोधन, कर्मचारी संरचना, बैकल्पिक श्रोतको खोजी र सम्बन्ध विस्तार, कार्यसमिति परिचालन आदि विषयमा छलफल चलेको थियो । नवगठित कार्यसमितिमा ६ पुरुष र ३ महिला हुनुहुन्छ । कार्यसमितिमा कृष्णबहादुर थापा (अध्यक्ष), गणेश राम (उपाध्यक्ष), जगत बस्नेत (सदस्य सचिव), बालासुन्दर देउजा

(कोषाध्यक्ष) र सदस्यहरुमा जगत देउजा, गिता पण्डित, शशीकला दाहाल र मानबहादुर क्षेत्री रहनुभएको छ ।

## ढाकामा नागरिक शिखर सम्मेलन

बंगलादेशको ढाकामा फेब्रुअरी ५ र ६, २००५ मा पाँचौं नागरिक शिखर सम्मेलन सम्पन्न भएको छ। राज्यले सम्बोधन गर्न नसकेका जनताको सवाललाई उजागर गर्ने एवं जनसमन्वय वृद्दि गर्ने मूल उद्देश्यले सम्मेलन आयोजना गरिएको थियो । सम्मेलनमा सार्क राष्ट्रका नागरिक संस्था र सञ्जालका २५० जना प्रतिनीधिहरुको सहभागिता थियो । सम्मेलनको जारी घोषणापत्रमा सार्क राष्ट्रहरुमा आवतजावत भिसा नचाहिने व्यवस्था गरिनुपर्ने, एकल मुद्रा कायम हुनुपर्ने, कुनै पनि देशले नागरिक हक हनन् गर्न नपाईने, सार्क मान्यता तय गरिनुपर्ने, जल, जमिन, स्वास्थ्य र शिक्षा क्षेत्रलाई नीजिकरण गर्नु नहुने जनाईएको छ। सम्मेलनमा दक्षिण एशिया भर नै जमिनको वितरण अन्यायपूर्ण भएको सहभागीहरुले बताएका थिए। कृषि श्रमिक र किसान अधिकारको लागि क्षेत्रीय तहमा समन्वय निर्माण गरी काम गर्नुपर्ने बारेमा पनि छलफल भएको थियो । किसानको संगठित हुन पाउने हकलाई ग्यारेण्टी गर्दै भूमिसुधारलाई गरिवी निवारणको मुद्दाको रुपमा लिईनुपर्ने जारी घोषणापत्रमा जनाईएको छ। साप ईन्टरनेशनल र सापीको आयोजनामा भएको सम्मेलनमा नेपालबाट ३५ जना भन्दा बढीले भाग लिएका थिए ।

## महिला र भूमि विषयक क्षेत्रीय सम्मेलन

नेपालमा हुने भनिएको महिला र भूमि विषयेक क्षेत्रीय कार्यशाला फेब्रुअरी १ को नेपालको घटनाका कारण भारतको नयाँ दिल्लीमा फेब्रुअरी ९ र १०, २००५ मा सम्पन्न भएको छ। भारतको साथी संस्थाले समन्वय गरेको उक्त सम्मेलनमा भूमिअधिकार राष्ट्रिय सरोकार समूहकी सदस्य जुलिया चित्रकार र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतको सहभागिता थियो । उक्त कार्यशाला गोष्ठीमा नेपालमा भैरहेको भूमिअधिकार अभियान, यसले हासिल गरेका सिकाई तथा अनुभव र महिलाहरुको भूमिअधिकारको स्थिति लगायत् भूमिमा महिला अधिकारको अवधारणा पत्र प्रस्तुत गरिएको थियो । जुन अवधारणा पत्रले दक्षिण एसियाको नै स्थिति र अडानलाई प्रतिनिधित्व गरेको सहभागीले अनुभव गरेका थिए ।

सम्मेलनमा भूमिको सवालमा काम गर्ने दक्षिण एशियाका थाइल्याण्ड, फिलिपिन्स, बंगलादेश, भारत र नेपालको सहभागिता थियो । सम्मेलनबाट समन्वयमा वृद्दि हुनाको साथै महिलाको भूमि अधिकार अडानप्रति स्पष्टता आएको महशुस गरिएको छ ।

सहभागी टोलीले ११ फेब्रुअरीमा एकता परिषद र आइ.जि.एस.एस.का सदस्यहरुसँग भेटघाट गरेको थियो । सो भेटघाटबाट एकता परिषद् र सा.आ.से.के.को बीच अभियानको आदानप्रदान गर्ने र कार्यक्रम अगाडि बढाउने विषयमा सहमती भएको छ ।

## समीक्षा तथा कार्ययोजना तर्जुमा कार्यशाला

२८-३१ मार्च, २००५ मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आयोजनामा समीक्षा तथा कार्ययोजना तर्जुमा कार्यशाला ललितपुरको इमाडोलमा सम्पन्न भयो । कार्यशालामा जनवरीदेखि मार्च, २००५ सम्मको समीक्षा गरिएको र विभिन्न अन्तर्राष्टिय सहभागिताको अनुभवहरुको आदानप्रदान गरिएको थियो भने वर्तमान बँदलिदो परिस्थितिसँगै सम्था र



अभियानकर्ताहरुको भूमिकाबारे छलफल गरी अप्रिलदेखि जुनसम्मको अभियान योजना निर्माण गरिएको छ ।

भूमि सम्बन्धी जल्दाबल्दा सवालमा देशभर बाट अभियान छेड्ने उद्देश्यले सहकर्मी संस्था र संगठनका नियमित क्रियाकलापहरुलाई जोड्दै लगेर बृहत बनाउदै लैजान जिल्ला एवं संस्थागत तहमा अभियानमुखी योजना निर्माण गरिएको छ । भूमि अधिकार अभियान र यसका सवाललाई विद्यमान कानूनको आँखाबाट मात्र नभई सामाजिक न्याय र भूमिअधिकारसम्बन्धी काठमाडौं घोषणा-पत्रको आधारमा तयार गरिएको छ । योजनाअनुसारका कार्यक्रम अगाडि बढाउन सबै सहकर्मी संस्थाले प्रतिबद्धता जनाएका छन् । कार्यशालामा १० महिला र २२ पुरुष गरी ३२ जना अभियानकर्ताहरुको सहभागिता थियो ।

## युवा कैडर एवं प्रशिक्षण शिविर

एकता परिषद् भारतको आयोजनामा युवा कैडर एवं श्रम प्रशिक्षण शिविर, २००५,



अप्रिल १९ देखि २२, मा बिहार राज्यको उत्तरी चम्पारन जिल्लाको बगाहा २ मा सम्पन्न भयो। उक्त शिविरमा नेपालबाट भूमि अधिकार अभियानमा कार्यरत २७ अभियानकर्ताको सहभागिता रहेको थियो । प्रशिक्षणको मुख्य उद्देश्य अभियानमा उठेको सैद्धान्तिक कुरालाई व्यवहारिक रुपमा कसरी लागू गर्ने भन्ने थियो । शिविरमा एकता परिषद् भारतका संस्थापक पी.भी.राजगोपाल, अस्तुरी बेगम, आदिले प्रशिक्षण दिएका थिए। प्रशिक्षण मुख्य रुपमा भूमि अधिकार विषयमा थियो। श्रमदान,

अनुशासन, सान्दर्भिक गीत, नारा, सांस्कृतिक कार्यक्रम, दैनिक प्रार्थना, प्राप्त अवसरको सदुपयोग र स्थानिय स्तरमा संचालन जस्ता शिविरको राम्रा पक्ष थिए। अनुशासनमा रहनु, विशिष्ट व्यक्तित्वको विचारलाई मनन गर्नु र अनौपचारिक क्रियाकलापले शिविरमा आफ्नोपनको वातावरण सिर्जना भएको थियो। यस शिविरबाट भएको सिकाईले भूमि अभियानलाई सहयोग पुऱ्याउने आशा गरिएको छ।

## स्रोत पुस्तिका प्रकाशन

भूमि अभियानमा क्रियासिल अभियानकर्ता एवं किसानका लागि भूमि सम्बन्धी कानुनी जानकारी गराउने उद्देश्यले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि अधिकार कानुनी स्रोत पुस्तिका प्रकाशन गरेको छ। पुस्तकमा संविधानमा भूमि अधिकारको अवस्था र सामुदायिक, सार्वजनिक, सरकारी र नीजि जग्गाबारे विश्लेषण गरिएको छ। भूमि सम्बन्धी ऐन २०२१, गुठी संस्थान ऐन २०३३, मालपोत ऐन २०३४, जग्गा नापजाँच ऐन २०१९, कमैया श्रम ऐन २०५७, आदिमा भएका मुख्य प्रावधानहरु पुस्तकमा सरल भाषामा समेटिएका छन्।

## वार्षिक समीक्षा प्रतिवेदन प्रकाशन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्धारा संचालित भूमि अधिकार अभियानको सन् २००४ को समिक्षात्मक प्रतिवेदन प्रकाशित गरिएको छ। प्रतिवेदनमा सन् २००४ को मुख्य उपलब्धी, समस्या, सिकाई र अबको बाटोबारे सार भनाईहरु समेटिएका छन्।

## भूमि बैंकको विकल्पबारे छलफल

काठमाण्डौ राष्ट्रिय भूमि अधिकार सरोकार समुह र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आयोजनामा ४ बैशाख २०६२ मा भूमि बैंकका "विकल्पबारे" विषयक छलफल कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका वक्ताहरुले भूमिसुधारका अन्य प्रभावकारी विकल्प हुँदाहुँदै भूमि बैंक अवधारणा अगाडि सारेर सरकारले



जमिन्दारको पक्षपोषण गर्न खोजेको बताए।

त्यसक्रममा अवधारणापत्र प्रस्तुत गर्दै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले भूमिमा सामन्तहरुको वोलवाला भएका कारण नीति नियमहरु पनि उनीहरुकै पक्षमा आउने गरेको वताउनु भयो। उहाँले भन्नु भयो- "भूमि बैंकका फाईदा वेफाईदाबारे बहस नै नगरी, यसको विकल्पको खोजी नै नगरी र यसको प्रकृयाका बारेमा अन्यौलता कायम राख्ने यो लागू गर्नु राम्रो हुँदैन।"

कार्यक्रममा द्वन्दविज्ञ डा. विष्णुराज उप्रेती र पत्रकार विजय घिमिरेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उप्रेतीले कार्यक्रममा क्रान्तिकारी भूमिसुधारविना भूमिहीनहरुको समस्या समाधान हुन नसक्ने बताउनु भएको छ भने घिमिरेले भूमि बैंक आफैमा गलत अवधारणा नभएपनि जमिनको मूल्य कसले तय गर्ने भन्ने सवाल चाँहि बढी महत्वपूर्ण हो भन्नुभयो। कार्यपत्रका टिप्पणी कर्तामध्ये भूमिसुधार तथा व्यवस्था मन्त्रालयका प्रवक्ता मानकुमार श्रेष्ठ, सरकारद्धारा गठित भूमिबैंक सुझाव कार्यदलका भास्कर ज्ञवाली र राजबाबु श्रेष्ठले सरकारले भूमिसमस्या समाधान गर्नका लागि भूमिबैंक अवधारणा अगाडि सारेको बताउनु भयो।

त्यस्तै भूमि विज्ञ डा. देवेन्द्र चापागाईं, डा. कैलाश प्याकुरेल र पत्रकार राजेन्द्र दाहालले समाजको जनमुखी परिवर्तन टार्न यस्तो अवधारणा आएको आरोप लगाउनु भयो। अन्तरकृया कार्यक्रममा कार्यक्रमका सहभागी बक्ताहरुले पनि वर्तमान द्वन्द भूमि अधिकारसंग समेत संम्बन्धित भएकाले यस्ता कार्यक्रमहरु द्वन्द समाधान को दृष्टिबाट आउनु पर्ने तर सरकारले यस विषयमा केही नसोचेको बताएका थिए।

यसरी बोल्नेहरुमा अधिबक्ता शान्ता थपलिया, बरिष्ठ वामनेता स्वनाम लामा, किसान नेता धर्मदत्त देवकोटा, एक्सन एड नेपालका दिनामणि पोखरेल, रामलाल श्रेष्ठ, सन्देश हमाल, हरि वहादुर थापा, सरेश नेपाल लगाएत हुनुहुन्थ्यो।

## जल, जंगल र जीवन बचाउ, जीप यात्रा

एकता परिषद भारतको आयोजनामा जल, जंगल र जीवन यात्रा बचाउ जीप यात्रा १०-१८ मार्च, २००५ मा सम्पन्न भएको थियो। यात्रामा नेपालवाट २० जनाको (महिला-११, पुरुष-९) सहभागिता थियो। भारतको मध्ये प्रदेशको ३ जिल्ला (मन्डला, जलाधार र डिन्डोरी) को यात्रा गरिएको थियो। यात्राको उद्देश्य अधिकार मुखी अभियानको प्रकृया, वकालतिय कार्यको स्वरुप, अभियानकर्ताको बुझाई तथा व्यवहार संगठन निर्माण तथा परि चालन अभियानमा साँस्कृतिक आन्दोलनबारे जानकारी आदान प्रदान गर्नुरहेको थियो।

यात्रा गरिएको जिल्लाहरुमा जमिनको उपभोग र प्रमाणिकताको सवाल, भूमिहीनता, वन क्षेत्र र मध्यवर्ती क्षेत्रका आदिवासीहरु माथिको अत्याचार र वनक्षेत्र र वन क्षेत्रको सिमा विवाद मुख्य सवाल रहेका छन्। जीप यात्राले विभिन्न स्थानका स-साना क्रियाकलापहरु जोड्ने छरिएर, र हेका शक्तिहरुलाई एकिकृत गर्ने र आम समुदायको ध्यानाकर्षण गर्न प्रभावकारी र हेको देखियो। तल्लो तहका सवाल माथिल्लो तहसम्म र माथिल्लो तहका सवाल तल्लो तहसम्म लैजान यस्ता यात्राले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ। अभियानकर्ताको लागि शिक्षा मात्र महत्वपूर्ण नहुने, वञ्चितहरुकै बिचवाट विकास हुने अभियानकर्ताहरु जुझारु हुने र जनसंगठन परिचालनमा प्रभावकारिता साथै आफ्नो संगठन नै शक्ति हो, आन्दोलन कहिल्यै टुङ्गिदैन भन्ने सिकाईको रुपमा लिइएको छ।

# जिल्लागत अभियान क्रियाकलाप

## बैतडी

जिल्ला दलित नेटवर्क, बैतडीले हलियाहरुको समस्या र समाधानको लागि शुरु गरिएको पहल, हलियाहरुको भनाई, आत्मकथा आदिलाई समेटेर एक पुस्तिका प्रकाशन गर्ने भएको छ। पुस्तिकाले हलियाहरुको बास्तविक समस्यालाई बाहिर ल्याउन सहयोग पुग्ने नेटवर्कको अपेक्षा रहेको छ। त्यसैगरी नेटवर्कले "दलित अगुवा कार्यकर्ताहरुको क्षमता विकासका लागि दलितका सवाल र कानूनी प्रक्रिया" विषयेक ३ दिने गोष्ठी अप्रिल ७ देखि ९, २००५ मा सम्पन्न गरेको छ। गोष्ठीले बैतडी जिल्लामा विकृतिको रुपमा रहेको जातीय छुवाछुत, विभेद, दासतापूर्ण डोली प्रथा, हलिया प्रथा अन्त्य र आरक्षण प्राप्तिका लागि माग गर्दै १२ बुँदे घोषणा पत्र जारी गरेको छ।

## बाँके

बाँकेमा पनि भूमि अधिकारको सवालमा १२ वटा नियमित छलफल केन्द्रको स्थापना गरिएको छ। भूमि अधिकार हननका घटनाहरु बारे क्षेत्रीय टेलिभिजनबाट कार्यक्रम प्रसारण समेत गरिएको छ। सामाजिक विकास तथा अनुसन्धान केन्द्र, बाँकेले एक महिने **गाउँ जाउँ** अभियान समेत सम्पन्न गरेको छ। अभियानकर्ताहरुको विभिन्न समूह बाँकेका १३ वटा गाविसको विभिन्न समुदायमा गएर भूमि अधिकारबारे छलफल गरेका थिए। गाउँ जाउँ अभियानले भूमि सम्बन्धी समस्याहरुको पहिचान, भूमिहीन तथा जोताहा किसानलाई संगठित गर्न तथा विद्यमान कानुनी व्यवस्थाबारे जानकारी गराउन सहयोग पुगेको थियो। यस अभियानपछि मोही नामसारी र बाँडफाँडका निवेदन दिने कार्यमा तिब्रता आएको छ।

## दाङ

समाज कल्याण कार्यक्रम नेपालले ७ सदस्यीय भूमिअधिकार क्षेत्रीय समिति गठन गरेको छ। समितिको बैठकले अभियानलाई अगाडि बढाउने क्रममा प्रत्येक गा.वि.स.मा एक-एक जना संयोजक तोकी मोही हक दाबीको लागि सूचना प्रवाह गर्ने निर्णय गरेको छ। भूमि अभियान संचालनका लागि थप ५ गाविसमा परिवेश विश्लेषणको कार्य भईरहेको छ। त्यसैगरी हरेक महिनाको १६ गते समुदायलाई महिनाभर भएका गतिविधीको जानकारी दिने र समिक्षा गर्ने कार्य भएको छ। यसो गर्दा अभियानमा पीडित स्वयंको उपस्थिति र संलग्नतामा बृद्धि आएको छ।

## बर्दिया

बर्दियामा पटक पटकको दवाबपछि छुट कमैयाहरुलाई सरकारले परिचय पत्र बाँडेको छ। सरकारी जग्गा कब्जा गरी ५ कट्ठाको दरले कमैयाहरुलाई बाँडफाँड गर्नुका साथै महिला कमैया (बुक्रही) लाई पनि जग्गा पाउनुपर्छ भन्ने अभियान भइरहेको छ।

## चितवन

नेपाल चेपाङ संघमार्फत भूमिको अधिकार का लागि परिवेश विश्लेषण र संगठन निर्माण भैराखेको छ।

## सिन्धुपाल्चोक

मोही हकवापतको जग्गा पाईसकेका किसानहरुबिच सहकारी निर्माणको काम शुरु भएको छ। भूमिअधिकारको सवालमा कचहरी नाटक प्रदर्शनका लागि आरोहण नाट्य समूह मार्फत नाटक समूह निर्माण गरी तालिम प्रदान गरिएको छ। यसक्रममा सिन्धुपाल्चोकमा जनवरी २००५ देखि हालसम्म १२४ जनाले गुठीको मोही पुर्जा र ८ जनाले रैतानी पूर्जा प्राप्त गरेका छन् भने ८७१ कित्ता नापी (मसी भर्ने) कार्य भएको छ।

### *भूमि अधिकारको माग गर्दै थामी सम्मेलन सम्पन्न*

'भूमिहीन थामी जातिलाई जीवन निर्वाह गर्न पर्याप्त जमिन देउ', 'आरक्षणमा थामी जातिलाई प्राथमिकता प्रदान गर' भन्ने मूल नाराका साथ नेपाल थामी समाज, जिल्ला समिति, सिन्धुपाल्चोकको प्रथम जिल्ला सम्मेलन बाह्रविसेमा माघ १६ गते सम्पन्न भयो।

सम्मेलनमा जिल्लाको १६ भन्दा बढी गाविसका प्रतिनिधिहरुको उपस्थिति थियो। थामी समुदायको विविध सँस्कृति झल्कने नाच र बाजागाजा सहितको विशाल र्‍याली नाराजुलुश गर्दै सभामा परिणत भएको सो कार्यक्रममा विभिन्न राजनीति पार्टीका प्रतिनिधी, पत्रकार, संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो।

बीरबहादुर थामीको सभापतित्वमा सम्पन्न सम्मेलन पछिको छलफलले मानबहादुर थामीको अध्यक्षतामा ११ सदस्यीय थामी समाज जिल्ला समितिको चयन गरेको छ। समितिका अन्य पदाधिकारीहरुमा लक्ष्मण थामी उपाध्यक्ष, बाबुराम थामी सचिव, छत्रबहादुर थामी सहसचिव, बच्चु थामी कोषाध्यक्ष, मिना थामी सहकोषाध्यक्ष, मंगलसिं थामी, सूर्य थामी, फूलमान थामी, र सुकमान थामी सदस्य छानिएका छन्। देशका ७३ जिल्लामा बसोबास रहेको थामी जातिहरु सिन्धुपाल्चोक जिल्लाको १६ गाविसमा करिब १४ हजारको संख्यामा छन्। अत्यन्त मेहनती र परिश्रमी जाती भएर पनि सामाजिक र राजनैतिक रुपले उपेक्षित र आर्थिक रुपले विपन्न जातिका रुपमा चिनिने उनीहरुले बासँ र निगालोको



काम, राडीपाखी बुन्ने, घर बनाउने जस्ता कामहरु गरिआएका छन् । थामी जातिहरुको आफ्नै भाषा र संस्कृति भएर पनि त्यसको उचित संरक्षण हुन नसक्दा लोपोन्मुख अवस्थामा पुगेको छ । कार्यक्रममा २०४० सालको पिस्कर हत्या काण्डमा शहिद हुनुभएका इले थामी र बीरे थामीको सम्झनामा १ मिनेट मौन धारण गरिएको थियो ।

इले र वीरे थामीको नाममा छात्रवृति कोषको व्यवस्था गर्नुपर्ने, जोताहा किसानहरुलाइ मोही हकको ग्यारेण्टी गरिनुपर्ने, थामी जातीको भाषा तथा संस्कृतिको संरक्षण र विकास गरिनुपर्ने, भूमिहीन थामी जातीलाई पर्याप्त जमीन उपलब्ध गराउनुपर्ने जस्ता माग सम्मेलनले गरेको छ ।

### *लालपूर्जा वितरण संगै आयआर्जनको योजना तयार*

सिन्धुपाल्चोक, बाँडेगाउँ गा.वि.स. का भूमि अधिकारबाट वञ्चित माझी, आदिवासी समुदायले बैशाख १६, २०६२ मा लालपूर्जा प्राप्त गरेका छन् । पूर्जा वितरण कार्यक्रममा वर्षौंदेखी जोतभोग गर्दैआएको गुठी जग्गाको प्रमाणित पूर्जा वितरण गरिएको थियो । प्रमाण पूर्जा पाउनेहरुमा ७० वर्षिया फुलमान माझी, ८२ वर्षिया जितबहादुर माझी, कृष्णबहादुर माझी, सुन्तली माझी, राममाया माझी, गंगादेवी लुइँटेल, लिम ब. माझी लगायत् १७ परिवार छन् । उनीहरुले करिव ७२ रोपनी जमीनको लालपूर्जा प्राप्त गरेका थिए । लालपूर्जा प्राप्तिपछि प्राप्त जमीनमा आयमूलक खेती गर्ने र खेतीबाट जीविकोपार्जनमा सुधार ल्याउन, व्यवसायिक रुपमा तरकारी खेती गर्न सिंचाईको लागि सामुदायिक विकास तथा वातावरण संरक्षण मंच जिल्ला कृषिसँग सहयोग माग गर्ने निर्णय भएको छ ।

### *गुठी संस्थानको व्यवहारले किसानहरु लाखौको घाटामा*

'कानून पनि कर्मचारीको मुखमा हुँदो रहेछ । उनीहरुले चाहेमा नहुने कुरा पनि हुन्छ । हुने कुरा पनि हुँदैन् ।' यो भनाई गुठी संस्थान, मेलम्ची खानेपानी अयोजना र मालपोत कार्यालय चौतारा धाउँदा धाउँदा लखतरान परेका सिन्धुपाल्चोक, महाँकाल गाविस बस्ने मोही डोलप्रसाद लामिछानेको हो । गोसाइकुण्ड निलकण्ठ गुठीमा भूमि अभियानमा क्रियाशिल र किसान अधिकारका लागि सहयोगी समूहको प्रयासमा उनको मोही दर्ता भएको थियो । मेलम्ची आयोजनाको मूल प्रवेश मार्गमा परेको जग्गाको रैतानी नम्बरी गरी पुरा मुआब्जा सम्बन्धित मोहीले लिएपछि मात्र रैतानी गर्ने मालपोत कार्यालय, सिन्धुपाल्चोकले भनेपछि १ भाग मुआब्जा लिएर रैतानी नम्बरी गर्न किसानहरु बाध्य हुनुपरेको छ । जसले गर्दा रैतानी गरी पूर्ण मुआब्जा लिने किसानहरुको सपना चकनाचुर भएको छ । तर गत वर्ष मेलम्ची आयोजनाले समझदारीको आधारमा जालपादेवी र जागेश्वर महादेवस्थान गुठी, मेलम्चीको मूलप्रवेश मार्गमा परेको जग्गाको पुरा मुआब्जा दिएको थियो ।

यसरी एकवर्ष पछाडि कानून परिवर्तन नगरी अधिनस्थ जग्गा रैतानी गर्ने र रैतानी जग्गा रैकर सरह मान्यता हुने गुठी सम्बन्धी ऐन, २०३३ देखि हालसम्मको नियममा उल्लेख छ । तर मालपोत कार्यालय, गुठी संस्थानको मिति २०५८ माघ ३० गतेको पत्रअनुसार यसो गर्न बाध्य भएको बताईन्छ । यसरी रैतानी गरी पूरा मुआब्जा लिने मोहीको अधिकारमा गुठी संस्थानले विवाद देखिने व्यवहार देखाउँदा मेलम्ची भेगको लाखौ मुआब्जा र क्षतिपुर्ति पुनः गुठी संस्थानले कुम्ल्याउने भएको छ । पुरा मुआब्जा र क्षतिपूर्तिमा पाखा लागेको पशुपति महास्नान गुठी (फटकशिला), बेलीभोर्लेन्ट सोसाइटी गुठी (मेलम्ची), गोसाइकुण्ड निलकण्ठ गुठी (महाकाल), रणनैनेश्वर गुठी (मेलम्ची) र चक्रमुक्तेश्वर गुठी (सिन्धुकोट) रहेका छन् ।

यसप्रकार विभिन्न गुठीको मुआब्जा र क्षतिपूर्ति गरी दशौं लाख रुपैया पुनः गुठी संस्थानमा जाने र किसानहरु सरकारी मूल्याङ्कन अनुसारको ३ भागको एक भाग मुआब्जा र क्षतिपूर्ति लिन बाध्य हुनुपरेको गोसाइकुण्ड निलकण्ठ गुठीका मोही हरिप्रसाद लम्साल बताउनु हुन्छ ।

## महोत्तरी, सर्लाही

२०६१ साल माघ २८ र २९ गते २ दिने सहजकर्ता अभिमुखीकरण गोष्ठी महोत्तरी जिल्लाको बर्दिबासमा सम्पन्न भयो । महिला सहयोगात्मक समाज, नेपाल महोत्तरी र ग्रामीण स्वयम्सेवक समाज, सर्लाहीले संयुक्त रुपमा आयोजना गरेको उक्त अभिमुखीकरण गोष्ठीमा २८ जनाको सहभागिता थियो । सहभागी सहजकर्ताहरु महोत्तरीका ४ र सर्लाहीका १२ गरी १६ गाविसका थिए, जसलाई आ-आफ्नो टोल भेलाले छनौट गरी पठाएको थियो । गोष्ठीमा विकास, सहभागिता, समूहमा सहजीकरणको विधि तथा प्रक्रियाको बारेमा छलफल गरिएको थियो । सहजकर्ताहरुको मुख्य काम आफ्नो र सँगैको अर्को टोलमा कम्तीमा हप्तामा एकपटक प्राकृतिक स्रोत साधन र जिविकासँग सम्बन्धित विषयमा छलफल चलाउनु हो । समुदायलाई आफ्नो परिवेश विश्लेषण गर्न, समस्या समाधान गर्न तथा अवसरको खोजी गर्न सघाउनु हो भन्ने विषयमा त्यहाँ एकमत कायम भएको थियो । महोत्तरी र सर्लाहीको ५२ टोलमा नियमित छलफल केन्द्रको संचालन भएको छ । जीविकाको विकल्पहरुको खोजी भईरहेको छ । त्यसक्रममा 'प्रतिवद्धता नतोडौ' अभियान संचालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

## सप्तरी

मोही सवालमा संगठनका सदस्यहरुलाई थप जानकारी दिने तथा हकका लागि उत्प्रेरित गराउने उद्देश्यले १० दिने मोही शिविर सप्तरीमा संचालन भएको छ । शिविरका लागि २ समूहमा गाउँ गाउँमा गएर काम गरिएको थियो । गाउँमै शिविर गरिएको कारण भूमि सवालमा छलफलका गर्ने आत्मबलको विकास भएको छ ।

## सुनसरी

स्थानीय किसानहरुको अगुवाई र अभियानकर्ताहरुको सहयोगमा किसान भेलाहरु सम्पन्न भई कप्तानगंज र सिमरिया गाविसमा थप २ वटा भूमि अधिकारबाट वञ्चितहरुका गाउँस्तरीय संगठनहरु निर्माण गरिएको छ । साथै ७१ वटा मोही मुद्दा स्थानीय अभियन्ताहरुको सहयोगमा दर्ता गर्ने काम भएको छ, जसमध्ये २३ वटामा मिलापत्र भईसकेका छन् । यसैबीच माघ ३, २०६१ मा सुनसरीमा भूमिअधिकार अभियानको हालको अवस्था र भविष्यका क्रियाकलापहरुको निर्धारण विषयक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । छलफलले अभियानलाई पीडितहरुकै अगुवाईमा अगाडि बढाउनका लागि जनसंगठन निर्माण र विकासमा जोड दिनुपर्ने निश्कर्ष निकालेको छ । त्यसैगरी भर्पाइ अभियानलाई अगाडि बढाउने कार्य समेत भइरहेको छ ।

## घटना अध्ययन

### "अब म ढुक्क छु"

मसँग मोही जमीन बाहेक केही थिएन । त्यो समय सम्भदा ऐले मलाई हातखुट्टा नै नभएको जस्तो लाग्दछ । हुनपनि ८ जनाको परिवार पाल्नको लागि मजदुरी गर्नु र अधिया खेती गर्नु सिवाय मेरो अरु केही विकल्प पनि थिएन । दुःख बिमार हुँदा र चाडपर्वमा साहुँसँग ऋण लिन्थे । आफूसँग जमीन नै नभएकोले गर्दा निकै नै दुख पाएको थिए । साँझ, विहानको छाक टार्न निकै धौ धौं थियो ।

एकदिनको कुरा हो, हाम्रो गाउँमा केही भूमि अभियानकर्मी आएका थिए । उनीहरुले म जस्तै मोहीहरुलाई बोलाई मोही हकको बारेमा जानकारी गराए । उनीहरुबाट मोही हकको निम्ति सहयोग हुने कुरा थाहा पाएपछि स्थानीय संस्थाकै सहयोगमा मैले मोही बाँडफाँड सम्बन्धी मुद्दा भूमिसुधार कार्यालय, बाँकेमा हाँले । म जस्तै धेरै साथीहरुले यस्तो काम सँगै गरेका थियौं ।

मेरो जग्गाधनीलाई जब जग्गा बाँडफाँडको निवेदनको बारेमा थाहा भयो, डर, धाक देखाई मलाई जग्गा जोत्नबाट हटाउने प्रयास गर्न लाग्यो । उसको ठूलो दवाब मोहीले ४० प्रतिशत जग्गा मात्र लिओस भन्ने नै थियो । तर महिना महिनामा हुने हाम्रो समूहको छलफलमा पनि जब उसलाई बोलाई आधा जग्गा नदिए हामी सबै मिलेर सर्वोच्च अदालतसम्म पनि जाने कुरा गर्‍यौं, त्यसपछि उ आफै भूमिसुधारमा गई जग्गा आधा बाँडिदियो ।

भूमि समूह बनेपछि आजभोली मलाई कुनै डर पनि लाग्दैन । ढुक्कसँग साढे आठ कट्ठा जग्गामा खेती गर्छु । गाउँका मानिसहरुले पनि मेरो इज्जत गर्न थालेका छन् । आजभोली त मोही सम्बन्धी केही समस्या भएमा गाउँलेहरु मलाई सोध्न आउने गर्दछन र भन्ने गर्छन, अब कसो गर्ने होला ?

**– राम अवतार पासी, बनकट्टी बाँके**

### "मेरो प्रमाण यही हलो र जुवा हो"


"मसंग भएको प्रमाण यही हलो र जुवा हो अरु केही छैन" फँडानी गर्ने मानिसहरु मरिसके तिनका कोही छैनन् । मैले २० वर्षदेखि कमाईआएको जग्गा अहिले आएर खोस्न लागे ठुलाठालुले । यी भनाई महोत्तरी जिल्ला खयरमारा-५ निबासी अम्बिका बर्माशाक्य (सार्की) का हुन । ६ सन्तानकी आमा अम्बिका ४२ वर्षकी भईन् ।

उनी भन्छिन- 'श्रीमान यिनै सन्तान पाल्न र पढाउन गोदाममा सिमेन्ट बोक्छन्, १ हल गोरु छ, खेतीबाट खान मात्र पुग्छ । आर्थिक अभावले जेठो छोरो आई.ए.पढ्न छोडी कमाउन दिल्ली गयो, माईलोले यसपाली एस.एल.सी. दियो र बाँकी २ छोरा स्कूल पढ्दैछन् । दुईवटै छोरीको विवाह भैसक्यो । कान्छी छोरीको श्रीमान जड्याहा र कुटपिट गर्ने भएकोले छोरासहित माइतमै छिन ।'

श्रीमानको नाममा ५ कट्ठा नं.र २२ कट्ठा ऐलानी जग्गा छ । यहाँ आउँदा ती जग्गा खरानेघारीले ढाकिएको ढड्यान थियो । 'जग्गा फाँडने सबै मरे, जोतेर खान सक्छौं, गाउँलेले भने र दुःख गरेर जग्गा खेती गर्न लायक बनाए । गाँउमा पैनी खन्दा मैले पनि श्रमदान गरे । पछि पैनीको पानी ऐलानी जग्गामा लगाउन नपाउने भने, मैले पानी ऐलानी जग्गाको सट्टा ५ कट्ठा नं.जग्गामा लगाउँदा सजायस्वरुप ५ सयपटक उठबस गरे ।' उनी दुखेसो पोख्छिन् ।

यसवर्ष अचानक एकजना गाउँकै एक जनाले खेत नजोत्न भन्यो । तर उनले सधैं झैं जोतिन । त्यो मान्छे आएर जग्गा छोड भनी जोतेको पैसा लिन दवाव दियो । उनका अनुसार त्यो जग्गा ७ नं.प्रति जग्गा हो । अम्बीकाले प्रमाण खोज्दा दाबीवालाले कहिले साना किसानमा लालपुर्जा राखेको छ भन्छ त कहिले जेठसम्ममा प्रमाण लिएर आउँछु भन्छ । कथित उपल्लो जातका यी दाबीवालाले जग्गा हत्याउन खोजेको देखी उनी चिन्तित छिन् । उसले वुन्ने जालो र वनाउन सक्ने किर्ते कागजात तथा समाजलाई पार्न सक्ने प्रभावको दाँजोमा उनको अवस्था कमजोर छ । उनीसँग सो जग्गाको कुनै प्रमाण छैन । अव यस समस्याबाट उनलाई कसले बचाउने ?

## हाम्रा प्रकाशन पढ्नुभयो ?



### भूमि अधिकार सम्बन्धी पढ्ने सामाग्री (११ सवालमा)

नेपालमा व्यवस्थित रुपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितिसकेको छ । तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन् । हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौ जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ । यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमि अधिकारको सवालमा कार्यरत छ । यही क्रममा भूमि सम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महशुस हुन पुग्यो । त्यसैले भूमि सम्बन्धमा चासो राख्नेहरुका लागि उपयोगी हुन सकोस भनेर यो सामाग्री तयार पारिएको छ ।

## पीडितको आवाज

### बिरबहादुर कामी, डडेल्धुरा (हलिया)

पाँच हजार रुपैया व्याजको काम गर्नुपर्छ, सावाँ त्यत्तिकै छ । उनीहरुको काम गऱ्यो भने उनीहरु खुशी हुन्छन् । कुनैबेला विरामी परेर हामी आउन सक्दैनौ भन्यौ भने हाम्रो जग्गा छोडिदेओ भन्छन् । उनीहरुले भनेको काम गरेका छौ । हामी बुढो भयौ, तगडा भइन्जेल त काम गर्छौ हामी, जब बुढो भएर काम गर्न सक्दैनौ । तिमीहरु काम गर्न सक्दैनौ भने जग्गा छोड भन्छन् । हामी जो काम गर्नसक्छ उनीहरुलाई दिन्छौ भन्छन् ।

### स्थानिय पीडित महिला, दाङ, नारायणपुर

ऐलानी जग्गामा छौं । त्यै ऐलानीमा पनि घरवास मात्रै छ । छिमेकीसित कहिलेकाँही झगडा पर्दा ऐलानीमा बसेका छौ, बुकुरा पनि उखलेर फालिदिउला भन्छन् । यो सरकारले लालपुर्जा दिएपछि हामी पनि अलि बलियो भएर बस्न पाउँदा हौ कि भन्ने आशा छ ।

### जगबीर नेपाली, सुकुम्बासी

मेरा बाउले पनि यही जग्गामा हलिया गरे, बाजेले गरे, म पनि गर्दैछु, मेरा छोरा नातीले नि यही गर्छन । अब आफ्नो छैन, अर्काको गरेर भनेपनि खान परिहाल्यो, अर्को उपाय छैन । ठूल्ठूला जिमिन्दार छन्, उनीहरुका १०० विघा, ८० विघा जग्गा छ । हाम्रो बासै छैन । कमसेकम ३/३ कट्ठा जग्गा काँटेर हामीलाई दिएपनि कति खुशी मान्दा हौ ।

### चिनीमायाँ तामाङ- मानेश्वारा, ९

ममा आँट बढ्यो, मसंग पनि सम्पती भएको प्रमाण छ भन्ने जस्तो लाग्यो । मसंग पुर्जा नहुँदा अरुले कमारो भन्थे । अहिले खुलेर उनीहरुसँग कुरा गर्नसक्छु । अब साहुलाई बुझाउनुपर्ने आधा बाली म संगै रहन्छ । पुर्जा पाएपछि बाह्रविसे कृषि विकास बैंकको हाकिमसँग कुरा गरिसकें । भैंसीपालन गर्न ऋणको फारम भरेको छु केही होला ।

## संस्था परिचय

किसान अधिकारको लागि सहयोगी समूह मोही किसानहरूको संस्था हो । विभिन्न नाममा २०५२ सालदेखि गुठी तथा मोही अभियानमा क्रियासिल यो संस्था २०६० सालमा जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा दर्ता गरिएको छ । संस्थामा ३१ जना सदस्य रहेका छन् । १३ जनाको कार्यसमिति छ । संस्थाले सिन्धुपाल्चोक जिल्लाको क्षेत्र नं ३ का १८ गाविसहरूमा भूमि अधिकार अभियान संचालन गरिरहेको छ । समुदायमा रहेका भूमिहीन, जोताहा किसान, साना किसान, कृषि श्रमिक, दलित र महिला समुदायको प्राकृतिक श्रोतमा पहुँच बढाउने तथा त्यस्ता समुदायलाई संगठित गरी उनीहरूको परिचालनका माध्यमबाट सामाजिक तथा आर्थिक उन्नती गर्ने संस्थाको मुल उद्देश्य रहेको छ । विभिन्न चेतनामूलक प्रकाशनहरू, सहभागितामूलक कार्यशैली यसका सृजनात्मक पहलहरू हुन् ।

## पत्रपत्रिकामा भूमिसुधार

### 'भूमिबैंक आवश्यक छैन'

[illegible]

### भूमिहीनद्वारा भूमि बैंकको विरोध

[illegible]

### अनुरोध

यस पत्रिकामा भूमि अधिकारसँग सम्बन्धित लेख, घटना, समस्या, सल्लाह र सुझाव पठाई सहयोग गर्नुहुन हामी सबै पाठक महानुभावहरूमा अनुरोध गर्दछौं ।

# अभियानकर्मीको डायरी



## सुवाश गौतम

संखुवासभा चैनपुरको ग्रामीण परिवेशमा निम्न मध्यम परिवारमा जन्मनुभएका सुभाष गौतम हाल सुनसरीको हाँसपोसा गा.वि.स. वडा नं.-२ तरहरामा बस्नुहुन्छ। बि.एड. सम्मको अध्ययन गरेका गौतम हाल एक्काईसौ सताब्दीमा हाम्रो अभियान नेपाल (अभियान नेपाल) संस्थाको भूमि अधिकार अभियान संयोजकको रुपमा कार्यरत हुनुहन्छ। यसअघि उहाँले ६ वर्षको विद्यालय शिक्षणको अनुभव प्राप्त गर्नुभएको छ।

उहाँ भन्नुहुन्छ, "समाजमा विद्यमान गरिखाने र बसिखाने वर्गबीचको असमानताको खाडललाई पुर्न भूमि अधिकार अभियानले महत्व राख्ने लागेर अभियानमा लाग्न प्रेरित भएँ। अधिकारबाट वञ्चितहरुले अधिकार नचिनेर मात्र होईन, सहयोगी, समर्थक र शुभेच्छुकहरुको साथ पाउन नसकेका कारण पनि अधिकार खोज्न नसकिरहेको महशुस भई मलाई यो अभियानमा भूमिका खेल्न र अघि बढ्न प्रेरणा मिलिरहेको छ। समुदायसँगै बसेर छलफल र गतिविधिहरु बढाउने क्रममा उनीहरुबाट मिल्ने माया र सद्‌भावको सुखानुभूति सारै प्यारो छ।

यस अभियानको महत्वपूर्ण पाटो भनेकै समुदायको परिचालन हो। अभियानलाई अझ मजबुत गर्न समुदायको स्वपरिचालनको पाटोलाई अझ जोडदिनुपर्छ तथा भूमि आन्दोलनलाई समुदायको आर्थिक, सांस्कृतिक र राजनैतिक सम्वन्धहरुसंगै गाँसेर अघि बढाउनुपर्छ भन्ने म ठान्दछु। भूमि अधिकार अभियानमा महिला सहभागिताको पक्षलाई अझै जोड दिईनुपर्दछ।

भूमि अधिकार व्यक्ति तथा समुदायको प्राथमिक अधिकार, समाजिक न्याय तथा आर्थिक समुन्नतीको पहिलो आधार हो। जल, जंगल, जमिन र जडीबुटी माथि एवं उपभोक्ता श्रमजिवी वर्गको न्यायोचित अधिकार स्थापित हुनुपर्छ भन्ने मान्यता लिएर म यस अभियानमा लागि रहको छु। भूमि अधिकार स्थापनाले समाजमा न्यायको स्थापना हुने हुँदा समतामूलक समाज निर्माण हुनसक्छ भन्ने मलाई लाग्छ।

मेरो जिवनमा प्रभाव/प्रेरणा दिने व्यक्तित्व चे-ग्वाभारा हुन्। उनी जहाँ पुगे, जनताको संघर्षलाई साथ दिए। त्यसैगरी आफ्नै हजुरआमा स्व. पवित्रादेवी गौतम, जसले पुरातनवादी समाजमा १८ वर्षको उमेर देखि एकल जिवन बिताउनु भयो र मलाई ठुलो मान्छे भन्दा असल मान्छे हुने प्रयत्न गर्नुपर्दछ भनेर सदैव प्रेरणा दिईरहनु भयो, उहाँ पनि मेरो प्रेरक हुनुहुन्छ।

आफ्नो जीवनमा घटेका महत्वपूर्ण घटनाक्रमहरु, सिकाईहरु तथा आफु र आफ्नो कामसँग सम्बन्धित उल्लेखनिय (सबै होईन) विषयहरुलाई डायरीमा सारशंको रुपमा टिपेर राख्ने गरेको छु। मेरो जिवनमा साह्रै प्रभाव पारेको पुस्तक My Universities, युवाहरुको गीत, कल्याणी धर्ती, चाणक्य नीति र नयाँ घर रहेका छन्।'

---



## लक्ष्मी चौधरी

म दाङ्ग त्रियुगानगर नगरपालीका वडा नं ११, भरतपुरमा बस्छु। विविएस पढ्दै पनि छु। परिवारमा ६ जना छन्। जग्गा घरवासको लागि मात्र छ। कृषि पेशा हो। समाजसेवा गर्ने ईच्छा छ। भूमि अधिकारको सवालमा दाङ्ग जिल्लाको २ नगर पालिका र २९ गा.वि.स.मा काम गरिरहेको छु। भूमिमा मेहेनत गर्ने तर भूमि अधिकारबाट बञ्चितहरुको अधिकार वहाल गराउन सहयोग पुर्‍याईरहेको छु। हाल ग्रामीण महिला उत्थान केन्द्रकी कार्यक्रम संयोजक छु। यस अघि बचत समुहको काममा सलग्न रहेको र सहयोगी कार्यकर्ताको भूमिका निर्वाह गर्दैआएको थिएँ। सामुदायिक साक्षरता, असुरक्षित गर्भपतन र लेखन सहयोगीको सहजीकरण मेरा अनुभवहरु हुन्।

म आफैं भूमि पीडित परिवारमा जन्मेको हुनाले मलाई भूमि पीडितको व्यथा कस्तो हुन्छ भनेर राम्रो अनुभव छ। देशको नागरिक भएर जन्मिसकेपछि हरेक मानिसलाई प्रकृतिद्धारा प्रद्वत भूमिमा अधिकार रहनु नागरिकको मौलिक अधिकार हो। यी सवालमा बहुसंख्यक जनताहरु पीडित रहेकाछन्। यिनीहरुलाई अधिकार दिलाउनु सचेत नागरिकको अधिकार हो। सचेत नागरिकको कर्तव्य ठानेर यो अभियानबाट प्रेरित भएको छु। भूमि पीडित समुदाय अधिकारको लागि सशक्त भएर उठेको देख्दा आनन्द आउँछ।

यस अभियानमा लागेपछि मेरो जिवनमा धेरै कुराहरु परिवर्तन आएको महसुस गरेको छु। यस अभियानमा लाग्नु भन्दा पहिले थारुको छोरी त को होस् र ? भन्ने गर्थे तर आज भोलि यो अभियानमा लागेदेखि सम्मानित महशुस गरेकी छु। भूमि पीडितहरुलाई शोषण गर्नेहरुले भने म प्रति कुदृष्टि राखेका छन्, यसबाट म आत्तिएकी छैन। मानिस, मानिस भएर बाच्न पाउँनु पर्छ न की दास भएर, त्यस कारणले म दासता विरुद्दको अभियानमा लागेको छु।

जव म यस अभियानमा प्रवेश गरे मैले रक्षक नै भक्षक भएको पाएँ। कानूनमा ठूला ठूला कुरा गर्ने तर त्यसको कार्यान्वयन गर्न साहै अप्ठ्यारो मान्ने जनतामारा विचार हावी भएको पाएँ। भूमिहीनहरु त सूचनाविना सधैं अधिकारबाट वञ्चित हुने रहेछन्।

मेरो जीवनमा प्रभाव पार्ने व्यक्ति आसमानी चौधरी हुनुहुन्छ, जो हाम्रो संस्थामा अध्यक्ष पनि हुनुहुन्छ। सायद मलाई अरुले जन्म दिए पनि कर्म उहाँले दिनुभयो। त्रि.न.न.पा.१० झिगौंराको गुठी समुदाय, त्रि.न.न.पा.१ कपासी बगियाको कमैया शिविर र विजौरी गा.वि.स.को मोही समुदायबाट साहै प्रभावित भएको छु। मेरो अनुभव व्यक्तिगत डायरीमा अभिलेखन गर्ने गर्छु। साथै अफिसको हरेक कामको अभिलेख पुस्तकालयमा राख्ने गर्छु। मेरो जिवनमा साहै प्रभाव पारेको पुस्तक कल्याणी धर्ति र जामखेड हो।

### राष्ट्रिय भूमि अधिकार मञ्च र राष्ट्रिय भूमिअधिकार सरोकार समूह

# क्षेत्रीय तथा राष्ट्रियस्तरका अभियान गर्ने निर्णय

"हरवा, चरुवा, हलि, कमैया, मोही, सुकुम्वासी संगठित होऊँ, आफ्नो हक पाउनको लागि आफ्नै अभियान सशक्त तुल्याउँ" भन्ने मूल उदघोषकासाथ गत पौषमा सम्पन्न राष्ट्रिय सम्मेलनबाट गठित **राष्ट्रिय भूमि अधिकार मञ्च** र भूमिको न्यायिक पूर्नवितरण, व्यवस्थापन, उत्पादन वृद्धि तथा सामाजिक समुन्नतीको अभियानमा जुटेका सामाजिक संस्था, अभियानकर्ता एवं भूमिसुधारको क्षेत्रसँग सरोकार राख्ने विभिन्न निकायहरुको साझा समूह **"राष्ट्रिय भूमि अधिकार सरोकार समूह"** को संयुक्त बैठक दाङको लमहीमा बैषाख ९ र १०, २०६२ मा सम्पन्न भयो । सांगाठानीक सुदृढिकरण र राष्ट्रिय भूमि अधिकार अभियानको १२ बुँदे निर्णय जारी गरेका छौं ।

१. विगत देखि हालसम्मको अभियानको समीक्षा गरियो । अभियानले भूमिअधिकारका विभिन्न मुद्दाहरुको एकिकरणका साथै भूमि अधिकारको सवाल राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म प्रभावकारी रुपमा उठेको ठहर गऱ्यो । बैठकले अभियानलाई सफल ढंगले अगाडि बढाउन क्रियासिल भूमि अधिकारबाट बञ्चितहरु, अभियानकर्मी, सहयोगी तथा शुभेच्छुक सबै मित्रहरुलाई हार्दिक धन्यवाद प्रदान गऱ्यो ।

२. पर्वत मालाखेतका मोही किसानलाई जग्गावालले जर्वरजस्ती जमिन जोत्न नदिएको घटना एवं सप्तरी मधुपट्टी गाविस कनकपुर मन्दिरमा प्रवेश गर्न नदिई भूमिहिन दलित माथि गरिएको कुटपिट र अमानवीय कार्यको बैठकले घोर निन्दा गर्नुको साथै त्यस्ता अमानवीय व्यवहार गर्ने पिडकहरुमाथी कार्वाहीको माग गऱ्यो ।

३. भूमि बैंकको अवधारणा जमिनदारलाई "क्षतिपूर्ती" दिने र भूमिहिन, हलिया, मोही तथा कमैयाहरुलाई ऋण बोकाउने नियतबाट आएको ठहर गर्दै भूमि बैंकको अवधारणा कुनै पनि बहानामा लागु नगर्न सरकारसँग बैठकले माग गऱ्यो । लक्षित समूहका १ जनासंग पनि छलफल नगरी ल्याईन लागेको भूमि बैंकको विरुद्द भूमि अधिकारबाट बञ्चितहरुविच बहश तथा अन्तर्क्रियाका लागि बैषाख २० देखि २५ सम्म विशेष अभियान देशव्यापी रुपमा संचालन गर्ने निर्णय गरियो । साथै बैठकले भूमि बैंकका दर्जनौं विकल्पहरुलाई छलफलमा ल्याई कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउने प्रस्ताव पारित गऱ्यो ।

४. भूमिअधिकारको विभिन्न सवाललाई आम बहशको विषय बनाउँदै जनमत सृजनाको लागि जेष्ठ २४ गते सुनसरी, सिरहा, सप्तरी, महोत्तरी, बाँके, दाङ, सिन्धुपाल्चोक, डडेल्धुरा, कञ्चनपुर, कैलाली, बैतडी, बर्दिया लगायतका जिल्लामा भूमि अधिकार सभा गर्ने निर्णय भयो ।

५. मुलुकको पश्चिमी क्षेत्रमा व्याप्त हलिया प्रथाको अन्त्यका लागि वातावरण बनाउन २०६२ साल भदौ ५ र ६ गते डडेल्धुरा जिल्लामा हलिया मुक्ति सम्मेलनको आयोजना गर्ने निर्णय गरियो ।

६. नेपाली महिलाहरु माथि लादिएको सामाजिक विभेदको महत्वपूर्ण कारण जमिनमा नगन्य पहुँच रहनु हो भन्ने यथार्थतालाई आत्मसाथ गर्दै महिलाहरुको भूमि अधिकार स्थापनाको विषयलाई राष्ट्रिय बहशको विषय बनाउन आगामी असोजको ३ र ४ गते भूमि अधिकार राष्ट्रिय महिला सम्मेलन काठमाडौंमा आयोजना गर्ने निर्णय भयो ।

७. शान्ति, प्रजातन्त्र र मानवअधिकारको अभिन्न अंग भूमि अधिकारको पक्षमा जनमत सृजना गर्न आगामी जेष्ठको ४ देखि ६ सम्म घोराहीदेखि गुलरिया, कञ्चनपुरबाट गुलरिया र सप्तरीदेखि सिरहा हुँदै महोत्तरीसम्म भूमि अधिकारबाट बञ्चितहरुको व्यापक सहभागितामा साईकल यात्रा गर्ने निर्णय गरियो ।

८. कपिलवस्तु, रुपन्देही र नवलपरासीमा रहेको उखडा जग्गा दर्ता समितिको कार्यक्षेत्र तथा अवधी थप गर्न, सिन्धुपाल्चोकमा गठित गुठी समस्या समाधान समितिको म्याद थप्न, देशभरीबाट पेश भएका ६३ हजार सुकुम्वासी जगाा दर्ता निवेदनको कार्वाही अगाडि बढाउन, उपयुक्त विकल्प सहित हलिया मुक्तिको घोषणा गर्न, कञ्चनपुरका आरक्ष पीडितहरुको उचित पुनर्स्थापना गर्न, मुक्त कमैयाहरुले भोग गरिरहेको जग्गा अबिलम्ब दर्ता गरिदिन, मोही जग्गा बाँडफाँड सम्बन्धी यथोचित व्यवस्था गर्ने लगायतका सवालमा सरकारको ध्यानाकर्षण गराउने तथा यसका लागि आवस्यक अभियान संचालन गर्ने निर्णयभयो ।

९. मुक्त कमैया समाजको नेतृत्वमा आगामी साउन २ गते हुन गईरहेको मुक्त कमैयाहरुको मुक्ति दिवश कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ जिल्लामा विविध कार्यक्रमका साथ मनाउने र यस दिवशमा राष्ट्रिय भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार सरोकार समूहले सक्रिय सहभागिता जनाउने निर्णय भयो ।

१०. राष्ट्रिय सरोकार समूहको ४ वटा क्षेत्रीय समिति र राष्ट्रिय भूमि अधिकार मञ्चको ११ वटा जिल्लामा भूमि अधिकार मञ्च निर्माण गरिसक्ने निर्णय भयो । सांगाठानीक सुदृढिकरणका लागि थप योजनाहरु आआफ्नो मञ्च तथा समूहले तय गरी अगाडि बढाउने निर्णय भयो ।

११. प्रजातन्त्र, शान्ति, मानवअधिकार र सामाजिक न्यायको पक्षमा अविचलित ढंगले क्रियासिल नेपाली पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघको यही बैषाख २० गते हुन गईरहेको राष्ट्रिय महाधिवेशनको पुर्ण सफलताको कामना गर्दै मानवअधिकार र सामाजिक न्यायको महत्वपूर्ण सवाल भूमि अधिकार भएकोले यसलाई आम बहशको विषय बनाउन समेत अनुरोध गर्ने निर्णय भयो ।

१२. बर्तमान द्वन्द, राजनीतिक अस्थिरता र संकटकालले भूमि अधिकारबाट बञ्चितहरुमा परेको नकरात्मक प्रभावलाई बैठकले गम्भिरताका साथ विश्लेषण गऱ्यो । नेपालको भूमिहिन, हलिया, मोही, कमैया लगायत भूमि अधिकारबाट बञ्चितहरुका तर्फबाट मानव अधिकारको रक्षा र प्रर्वद्धन, प्रजातन्त्रको पुर्ण प्रत्याभूति र संकटकालको शिघ्र अन्त्यका लागि सम्बन्धीत सबैलाई गम्भिरतापुर्वक कृयाशिल हुन आग्रह गरियो ।

हाम्रो ठेगाना: सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
सिन्धुपाल्चोक, सम्पर्क कार्यालय: काठमाडौं, पोष्ट बक्स नं.: १९७९०, फोन ४३३०४८६
E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

NL
36-